*कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित बीमा ऐन, २०७९ बमोजिमको कामकारोवार गर्ने*

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड
Life Insurance Corporation (Nepal) Ltd.
(A Joint Venture of Life Insurance Corporation of India)

**रजिष्टर्ड कार्यालय:** का.म.न.पा ३०, स्टारमल, पुतलीसडक, काठमाडौं ।
**टेलिफोन नं.:** ०१-४०१२६१३, ४०१२६१४ फ्याक्स: ४०१२६१५
**इमेल:** liccorporate@licnepal.com.np | **वेभसाइट:** https://www.licnepal.com.np

# अवितरित हकप्रद शेयरको लिलाम बढाबढ गरि बिक्री गर्न शिलबन्दी बोलपत्र आह्वान बारेको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरु मिति: २०८१/१०/२१ सोमबार**
**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति: २०८१/११/०५ सोमबार**

लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको १ शेयर बराबर ०.८८४५१६८ शेयर (अर्थात् विद्यमान १ कित्ता साधारण शेयर बराबर नयाँ ०.८८४५१६८ कित्ता साधारण शेयर) को अनुपातमा हकप्रद शेयर बिक्री खुला गरी आवेदन माग गरिएकोमा देहाय बमोजिमको शेयरका लागि आवेदन नपरेकाले प्रचलित कानून तथा धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को दफा २१ र धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४ को दफा १५ समेतको प्रावधानलाई आधार मानी उक्त शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने निष्काशनकर्ता कम्पनीको निर्णय अनुसार उक्त शेयर खरीद गर्न इच्छुक जो कोही व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले मिति **मिति २०८१ फाल्गुण ०५ गतेभित्र** तल उल्लेखित सङ्कलन केन्द्रमा प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**तपशिल:**

**बोलपत्रद्वारा बिक्री गरिने शेयरको विवरण: ४९२,५७७ कित्ता (सर्वसाधारण समूह)**

| क्र.सं. | बोलपत्र आवेदन फारम पाइने र बुझाउन सकिने स्थान (सङ्कलन केन्द्र) हरु: |
|---|---|
| १. | नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौं । |
| २. | **लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडका शाखा कार्यालयहरु:** बिराटनगर शाखा: विरगञ्ज शाखा: पुतलीसडक केन्द्रिय कार्यालय: पोखरा शाखा: नेपालगञ्ज शाखा: बुटवल शाखा: सुर्खेत शाखा: धनगढी शाखा: । |

**शर्तहरु:**

१. बोलपत्र आवेदन फाराम रु.१००/- भुक्तानी गरी माथि उल्लेखित सङ्कलन केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दर रेट अङ्क र अक्षरमा स्पष्टसँग लेख्नु पर्नेछ । अङ्क र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइने छ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयरको न्यूनतम मूल्य प्रति शेयर रु.१००/- तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अङ्कित गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ ।

४. शेयर खरीदको लागि बोलकबोल पेश गर्दा न्यूनतम १०० कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नियमक निकायले एउटा व्यक्ति वा संस्था/कम्पनीले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलब (खण्डित रुपमा) आउने गरी शेयर संख्याको लागि आवेदन गर्न पाइने छैन । रु. ५ लाख भन्दा बढी रकमको आवेदन दिनुहुने आवेदकहरुले अनिवार्य रुपमा आफ्नो स्थायी लेखा नम्बर (PAN) आवेदन फाराममा उल्लेख गर्नुपर्नेछ ।

५. शिलबन्दी बोलपत्र पेश गर्दा फाराम बाहिर **"लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेडको साधारण शेयर खरीद आवेदन"** र बोलपत्रदाताको नाम, ठेगाना, फोन नं. साथै डिम्याट खाता नं. उल्लेख गरी शिलबन्दी बोलपत्र लाहाछाप गरिएको हुनुपर्नेछ ।

६. बोलपत्रवालाले आफूले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम NSMBL-LIC-Right-2080-81 को नाम उल्लेख गरी जारी गरिएको नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाका **गुड फर पेमेन्ट (Good for Payment) गरिएको चेक** संलग्न गरी शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ । साथै **गुड फर पेमेन्ट (Good for Payment) चेकमा लाग्ने क्लियरिङ्ग शुल्क आवेदकले यसैसाथ थप गरी बुझाउनु पर्नेछ ।** यदि बैंक भुक्तानी नभएमा दरखास्त फाराम स्वत: रद्द हुनेछ ।

७. शेयर बाँडफाँड गर्दा सबै भन्दा बढी प्रति शेयर मूल्य कबोल गर्ने बोलपत्रदातालाई बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको प्रति शेयर मूल्य कबोल गर्नेलाई क्रमश बाँडफाँड गरिनेछ । बोलकबोलमा शेयर बाँडफाँड गर्दै जाँदा अन्तिम मूल्यमा दुई वा दुई भन्दा बढी आवेदकहरु पर्न गएमा बोलकबोलबाट बाँकी भएको शेयर माग भएको शेयर संख्याको भारित अनुपातमा दामासाहीले बाँडफाँट गरिनेछ । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार निष्काशन कम्पनीमा निहित रहनेछ ।

८. बोलपत्रवालाले अनिवार्य रूपमा आफ्नो हितग्राही खाता नं. र बैंक खाता नं. आवेदन फाराममा उल्लेख गर्नु पर्नेछ ।

९. सम्पूर्ण सङ्कलन केन्द्रहरुबाट बिकी प्रबन्धकको कार्यालयमा बोलपत्रहरु सङ्कलन भए पश्चात् बोलपत्र खोलिने मिति समय र स्थान उल्लेख गरी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरी जानकारी गराए पश्चात् मात्र शिलबन्दी बोलपत्र खोलिने छ ।

१०. काबु बाहिरको परिस्थिति पर्न गई निष्काशन तथा बिक्रि प्रबन्धकको कार्यालय समयमा बोलपत्र प्राप्त हुन नसकेमा सो ब्यहोरा नियामक निकायलाई जानकारी गराई बोलपत्र खोलिनेछ । साथै, काबु बाहिरको परिस्थिति पर्न गई कुनै सङ्कलन केन्द्रबाट बोलपत्र फाराम पठाउन नसकिने भएमा/आवेदन फाराम प्राप्त नभएमा वा नष्ट भएमा नियामक निकायको राय लिएर मात्र लिलाम बढाबढको प्रक्रिया अगाडि बढाईनेछ ।

११. म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर कुनै कारवाही गरिने छैन ।

१२. बोलपत्रदाता नेपाली नागरिक वा नेपालमा दर्ता भएको संस्था, कम्पनी हुनु पर्नेछ । आवेदक संगठित संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा शेयर खरिद गर्ने सम्बन्धमा सो संस्था/कम्पनीको सञ्चालक समितिको निर्णयको प्रतिलिपि तथा अख्तियारनामा समेत पेश गर्नु पर्नेछ ।

१३. बोलपत्र आवेदकहरु मध्ये बोलकबोलमा नपरेको आवेदकहरूको रकम "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" मा व्यवस्था भए बमोजिम सोझै निजको बैंक खातामा फिर्ता भुक्तानी गरिने छ । साथै, यस्तो फिर्ता रकममा कुनै किसिमको व्याज प्रदान गरिनेछैन ।

१४. बोलपत्र स्वीकृत भएको खण्डमा बोलपत्र स्वीकृतिको जानकारी नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड, लेखनाथमार्ग, ठमेल, काठमाडौंको वेभसाइट https://nsmbl.com.np मार्फत हेर्न सकिनेछ ।

**बिक्री प्रबन्धक:**

**नेपाल एसबिआई मर्चेण्ट बैंकिङ्ग लिमिटेड**
**Nepal SBI Merchant Banking Ltd.**

लेखनाथमार्ग, ठमेल, काठमाडौं,
फोन नं. ०१-४५१२७४३, ४५४१७८०
वेवसाइट: https://nsmbl.com.np